Voice : A Biannual & Bilingual Journal
*2025 December, Vol : 17, No. 2, pp.121-132*
DOI : https://doi.org/10.3126/voice.v17i2.92304

# सिम्मा नाटकमा वर्गीय चिन्तन

पुष्करनाथ रिजाल (विद्यावारिधि)[१]

**Article Information : Received :** Sep. 09, 2025 **Revised :** Oct. 12, 2025 **Accepted :** Dec. 20, 2025

## सारसङ्क्षेप

सिम्मा रायनका रचनाहरू मध्ये एक गीतिनाटक हो । यसमा नेपालको पञ्चायतकालीन समय र समाजको वर्गीय अवस्थालाई यथार्थपरक ढङ्गले चित्रण गरिएको छ । नेपाली समाजमा पञ्चायतकालीन समयमा गाउँका साहु महाजनहरूले निम्न वर्गमाथि गर्ने आर्थिक तथा सामाजिक शोषण अत्यन्त घृणित किसिमको रहेको हुँदा सामन्ती समाजको बुर्जुवा वर्ग समाज विकासको बाधक भएको विषयलाई यस गीतिनाटकमा उठान गरिएको छ। परम्परागत सामन्ती राज्य व्यवस्थाका अवशेषहरू अझै बाँकी छन् । स्वाभिमान गुमाई युवा नेपालीहरू काम र मामको खोजीमा विदेशी भूमिमा रगत पसिना चुहाउन विवश बन्ने परिस्थिति यसमा देखाइएको छ, जुन पहिलेदेखि अहिलेसम्म रहेकै छ । गरिबीकै कारण डेङ्सुजस्ता युवाहरू भर्ती हुन हिँडेपछि साहुले घरखेत कब्जा गरी तिनका परिवारजन नोकर बनाएर मानसिक यातना र श्रम शोषण गरेको तथ्य यसमा देखाइएको छ । गीतिनाटकमा अन्याय गर्ने साहुका विरुद्ध युवाहरू आन्दोलित भएबाट निम्न वर्गीय पक्षधरता स्पष्ट रूपमा देखिन्छ। उच्चवर्गको साहु र उसकी श्रीमतीले सिम्मामाथि गरेको अत्याचार हदैसम्मको छ । धनी मानिसको हृदय कठोर र आपराधिक हुन्छ भन्ने तथ्य साहु र साहुनीका कुकृत्यबाट पर्दाफास गरिएको छ। उनीहरूप्रति आम पाठकको घृणा जगाइएको छ। साम्राज्यवादी विस्तारवादी शक्तिका स्वार्थका लागि नेपालीहरूले गरिब राष्ट्रका आफूजस्तै गरिब मानिसलाई मार्नका लागि खट्नु पर्ने विवशता रहेको कुरा यसमा अगाडि सारिएको छ। सिम्मामा अन्याय अत्याचार सहनु हुँदैन बरु त्यसका विरुद्ध चेतनाको लहर फैलाउनुपर्ने सिम्माको सन्देशले भर्ती भएका युवाहरू साहुको विद्रोह गर्न छाउनीबाट फर्किएको सन्दर्भ देखाइएको छ । सिम्मामा साम्राज्यवादी व्यवस्था र युद्धको डरलाग्दो परिणामको अन्त्यको कामनासँगै देशभक्तिको भावना र स्वाभिमानको खोजीसमेत गरिएको छ। निम्नवर्गीय पक्षधरता रहेको सिम्मा प्रगतिवादी वर्गीय चिन्तन र वैचारिकताका हिसाबले उत्कृष्ट गीतिनाटक बनेको छ ।

शब्दकुञ्जी : प्रगतिवाद, मुक्ति, वर्गद्वन्द्व, सत्ता, सामन्त

[१]उपप्राध्यापक, नेपाली, मध्यपश्चिम विश्वविद्यालय, म.प.वि, वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर, नेपाल
इमेल : puskarrijal38@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

सिम्मा रायनद्वारा लेखिएको प्रगतिवादी गीतिनाटक हो । यस नाटकमा रायनको वैचारिक चिन्तन खँदिलो रूपमा प्रस्तुत भएको पाइन्छ । खास नाम भक्तबहादुर श्रेष्ठ भए पनि यिनी साहित्य र गीत सङ्गीतका क्षेत्रमा रायन उपनामबाटै सुपरिचित छन् । रायनले सिम्मालाई नाटक सङ्ग्रहका रूपमा यसभित्र सिम्मा र कहाली नाटक समावेश गरी सार्वजनिक गरे । यसको पहिलो प्रकाशन वेदना परिवारबाट वि.सं. २०३८ मा  र दोस्रो संस्करण २०३९ मा भएको सूचना साझा प्रकाशनबाट निस्किएको सिम्मा (२०६६) मा रहेको छ । सिम्मा नेपालको आर्थिक, सामाजिक अवस्थालाई विषय बनाएर लेखिएको छ ।  यो नाटकमा हाम्रो समाजको वर्गीय स्थितिलाई यथार्थपरक किसिमले चित्रण गरिएको छ । उच्च गर्गले निम्न वर्गमाथि गर्ने अनेक किसिमका शोषणलाई देखाई विद्रोहसमेत गरिएको छ । यसका साथै पारिवारिक सम्बन्ध, नारी पीडा, नारी अस्मिताको जोखिम, विदेशी भूमिमा नेपालीले लाहुरे र अन्य भूमिकामा रगत पसिना बगाए पनि कुनै जस नपाउने अवस्थालाई प्रभावकारी किसिमले चित्रण गरिएको छ । युवा युवतीमा बैँसका बेला हुने हुने स्वाभाविक प्रेम, राष्ट्रिय भावना, नेपाली स्वभिमानजस्ता विषयलाई गीतिनाटकमा सुन्दर किसिमले चित्रण गरिएको छ । सिम्मामा समाजमा हुने वर्गीय द्वन्द्व, उच्च वर्गले निम्न वर्गमाथि गर्ने शोषण, दमन, अन्याय, अत्याचार र हैकमपूर्ण व्यावहारको भण्डाफोर गरिएको छ । हाम्रो समाजमा उनीहरूमाथि गर्ने व्यावहार र सोच कस्तो छ ? निम्न वर्गमाथि केकस्ता दवाव र उल्झनहरू आइलाग्छन् ? भन्नेजस्ता गम्भीर विषयहरू उठान गरिएको सिम्मा नाटक प्रगतिवादी सौन्दर्य चिन्तनका हिसाबले महत्त्वको रहेको छ ।

सिम्मा नायिकाप्रधान नाटक हो । यसमा नायिका सिम्मा को प्रमुख भूमिका छ । यसको विषयवस्तुका रूपमा नेपाली समाजमा साहुहरूले गरिबहरूलाई हेर्ने दृष्टिकोण र र कुकृत्यको अवस्थालाई यथार्थपरक ढङ्गले चित्रण गरिएको छ । नेपालमा अझै पनि युवाहरू आफ्नी प्रेमिका, प्यारो गाउँघर सबै छाडेर लाहुरे बनी विदेशका युद्धमा खट्न बाध्य छन् । लोग्ने विदेश गएपछि थुप्रै युवतीहरू आफ्ना रहर मारेर साहुको कमारी बन्न विवश बन्छन् । नेपालको ग्रामीण भेगमा धनी मुखियाहरूले गरिबहरूको आर्थिक कमजोरीको फाइदा उठाउँदै पारिवारिक विखण्डन ल्याउने, घर खेत उठीबास बनाउने र अर्काका चेलीबेटी र स्वास्नीमानिसहरूलाई आफ्नो कामवासनाको सिकार बनाउने गरेका थुप्रै घटना छन् । सिम्मा नाटकमा यस्तै विकृत अवस्थाको मार्मिक चित्रण भएको छ । नाटकमा समाजका उच्च वर्गबाट निम्न वर्गका गरिबमाथि के कस्ता विभेद गरिएको छ ? भन्ने विषयलाई मुख्य समस्याका रूपमा पहिचान गरी यस गीतिनाटकका घटना र पात्रका साक्ष्यका आधारमा समाजमा हुने वर्गीय विभदे मुक्तिका लागि चालिएका कदमको मूल्याङ्कन गर्ने उद्देश्य राखी यो लेख तयार गरिएको छ । लेखमा सामाजिक अध्ययनका सन्दर्भमा मार्क्सवादी सिद्धान्तलाई आधार मानी देखाइएको छ ।

## पूर्वकार्यको समीक्षा

सिम्मा गीतिनाटक प्रकाशन भएपछि यस विषयमा विभिन्न अध्येताहरूले चासो राखी विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्ने कामलाई अगाडि बढाएका छन् । यस नाटक सम्बन्धी अध्येताहरूका पूर्वकार्यलाई यहाँ उल्लेख गरिएको छ ।

बिन्दु शर्माले नेपाली गीतिनाटक स्वरूप र प्रवृत्ति (२०७३) शीर्षकको पुस्तक प्रकाशन गरी नेपाली गीतिनाटकको परम्परा र प्रवृत्तिहरूको खोजी गरेकी छन् । उनले आधुनिक नेपाली गीतिनाटकको द्वितीय चरणको स्वरूपबारे अध्ययन गर्ने सन्दर्भमा सिम्मा गीतिनाटकको विश्लेषण गरेकी छन् । सिम्मा नाटकको मूल विषयवस्तुगत प्रवृत्ति सामाजिक यथार्थ रहेको भन्दै शर्माले आफ्नो अध्ययनमा नाटकीय तत्त्वहरूका आधारमा यसको विवेचना गरेकी छन् । बाउबाजेको पालादेखिको ऋण हिसाब गरी साहुले डेङ्सुको घरबारी केही नराखेर हडपेपछि उसकी पत्नी सिम्मालाई नोकर्नी बनाएर जतिबेला पनि मेसिनजस्तै जोताएर शोषण गरेको कुरा शर्माले उल्लेख गरेकी छन् ।

यिनले सिम्मा नाटकमा पुस्तौँ पुस्तादेखि गरिबहरू शोषणको मारमा परेर उठ्न नसकोको यथार्थ उद्घाटन भएको बताएकी छन् । प्रगतिवादी जीवनदृष्टि प्रस्तुत भएको तथा उत्तरऔपनिवेशिक चेतनाले यसको विचारलाई अझ सशक्त बनाएकाले सिम्मा उत्कृष्ट गीतिनाटक बन्न पुगेको निष्कर्ष शर्माले निकालेकी छन् ।

शोभाकुमारी ढुङ्गाना (सन् २०२२) ले 'सिम्मा' नाटकमा प्रगतिवादी चेतना' शीर्षकमा अनुसन्धानमूलक लेख तयार गरेकी छन् । ढुङ्गानाले पञ्चायतकालीन सामन्तवादी राजनैतिक, सामाजिक व्यवस्थाको पीठिकामा संरचित यो नाटकमा सामन्तवादी राज्य व्यवस्थामा श्रमजीवी वर्गलाई शोषण गर्ने साहु मुखियालाई राज्यद्वारा संरक्षण दिइएकाले श्रमजीवी किसानहरू उत्पीडनमा परी विदेसिन बाध्य हुन्छन् । विदेशमा पनि पुँजीपतिहरूले गरिबलाई शोषण गर्छन् । साम्राज्यवादी विस्तारवादी शक्तिका स्वार्थका लागि नेपालीहरूले गरिब राष्ट्रका आफूजस्तै गरिब मानिसलाई मार्नका लागि खट्नु पर्ने विवशता रहेको तथ्य उजागर गरिएको बताएकी छन् । यिनले विदेशमा गएका सबै नेपालीहरू स्वदे श फर्केर पञ्चायती सामन्ती राज्य व्यवस्थालाई जरैदेखि उखेलेर फ्याँक्न सकेमा मात्र श्रमजीवी वर्गको जीवनमा परि वर्तन आउन सक्छ भन्ने भाव भएको सिम्मा प्रगतिवादी चेतनायुक्त उत्कृष्ट नाटक भएको निष्कर्ष निकालेकी छन् ।

## अध्ययन विधि

प्रस्तुत लेख दस्तावेजको विश्लेषणमा आधारित गुणात्मक ढाँचाको अध्ययन हो । अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसमा कृतिबाट प्राप्त गरिएका तथ्यको समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । अध्ययनमा अनुसन्धानका अनेक ढाँचासम्बद्ध पक्षहरू मध्ये सोद्देश्यमूलक नमुना छनोट पद्धति अबलम्बन गरी सिम्मा नाटकलाई अध्ययनीय प्राथमिक सामग्रीका रूपमा चयन गरिएको छ । मार्क्सवादी दर्शन र अन्य लेखकहरूका विश्लेषणात्मक ग्रन्थ तथा सैद्धान्तिक सामग्रीलाई यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । लेखमा साहित्यका क्षेत्रमा निकै लोकप्रिय र प्रचलित प्रगतिवादी सिद्धान्तका आधारमा सिम्मा नाटकमा पाइने वर्गीय चिन्तनका विविध पक्षहरू पहिचान गरी तिनको परिचय, प्रयोग, प्रभावकारिता, वैचारि कता, प्रभाव, ध्वनिव्यञ्जना आदिको विश्लेषण गरी कृतिको मूल्याङ्कन समेत गरिएको छ । यस नाटकमा पाइने वर्गीय चिन्तनको विश्लेणका लागि मार्क्सवादी सौन्दर्यशास्त्र र सिम्मा नाटकका विषयमा अध्येताहरूले यसअघि गरे का विश्लेषणलाई समेत आधार बनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

वर्ग अङ्ग्रेजी भाषाको 'क्लास' शब्दको नेपाली रूपान्तरण हो । मार्क्सवादी दर्शनमा वर्गीयतालाई समाज विभाजनको मूल आधार मानिएको छ । यसले समाजमा उच्च र निम्न वर्ग रहेको देखाउँदै उच्च वर्गबाट युगौँदेखि शोषित पीडित निम्नवर्गलाई न्याय, समानता दिलाई अधिकार सम्पन्न बनाउन जोड दिन्छ । समाजमा गरिबहरूले धनीले झैँ अधिकार पाएका छैनन् । न्यायका दृष्टिले सबै समान भए पनि व्यावहारमा समाजमा वर्गीय विभेदका अनेक विकृत चित्रहरू अझै पनि छन् । यस किसिमको भेदभावको विकास र विस्तार विश्वभरि कुनै न कुनै रूपमा भएकै छ । सामन्ती संस्कार समाज विकासमा बाधक बन्छ । हाम्रो समाजका गरिब त्यसमा पनि नारीहरू अझ बढी शोषित छन् । पूर्वमा नारीलाई उच्च स्थानमा राखिएको पाइन्छ । कतिपय वैदिक समाज मातृसत्तामा आधारित रहेको पाइन्छ । तर उक्त समयमा पनि नारीमाथि अनेक किसिमको शोषण र भेदभाव भएका उदाहरण पाइन्छन् । पाश्चात्य जगत् मा वर्गीय उन्मुक्तिको प्रयास धेरै पहिलेदेखि गरिए तापनि साहित्यिक र सांस्कृतिक विश्लेषणका स्वरूपमा प्रगतिवादी समालोचना र सिद्धान्तको प्रभाव सन् बीसौँ शताब्दीमा प्रारम्भमा भएको हो । समाजवादी  चिन्तक कार्ल मार्क्सका विचारहरू नै प्रगतिवादी साहित्य र सौन्दर्य चिन्तनका मूल आधार हुन् । सहितयमा वर्गीय चिन्तन आधुनिक चिन्तन प्रणालीहरू मध्ये एक महत्त्वपूर्ण प्रणालीका रूपमा विश्वभरि स्थापित भएको छ ।

प्रगतिवादी साहित्यले श्रमिक, दलित, मजदुर वर्गको हकहितका पक्षमा आवाज उठाएको हुन्छ। प्रगतिवादी साहित्यको मूल वैशिष्ट्य वर्गीय चिन्तन र निम्नवर्गको पक्षधरता हो । यस्तो साहित्यलाई मार्क्सवादी साहित्य भनिन्छ । मार्क्सवादका प्रवर्तक जर्मनीका महान् दार्शनिक कार्ल मार्क्स (१८१८- १८८३) हुन् । उनका विचारलाई लेनिन, एङ्गेल्स, स्टालिन, माओ आदिले व्याख्या पुनर्व्याख्या गरेका छन् । मार्क्सवादका आधारभूत मान्यता कम्युनिस्ट द्धतमेनिफेस्टो (१८४८) मा प्रस्तुत गरिएको छ। मार्क्सले आफूसँग आजीवन सहकार्य गरेका एङ्गेल्सको सहयोगमा यस कृतिको प्रकाशन गरेका हुन् । यसपछि मार्क्सको समाज र अर्थसम्बन्धको वैज्ञानिक व्याख्या गरिएको महत्त्वपूर्ण ग्रन्थ दास क्यापिटल (१८६७) प्रकाशित भयो । मार्क्स र एङ्गेल्सले सोझै साहित्य र कलाबारे चिन्तन गरेका छैनन्, तर उनीहरूको साहित्य र कलासम्बन्धी धारणाहरू लिटरेचर एन्ड आर्ट नामक ग्रन्थमा अभिव्यक्त भएको पाइन्छ (शर्मा र लुइटेल, २०७२, पृ.१३१) । नेपालमा मार्क्सवादी चिन्तनलाई भित्राई व्यवस्थित ढङ्गले जनसमसक्ष पुऱ्याउन पुष्पलाल, मदन भण्डारी जस्ता राजनेताहरूको योगदान रहेको छ। प्रगतिवादी नेपाली साहित्यको विकासमा चैतन्य, नेत्रलाल, मोहनविक्रम सिंह, श्यामप्रसाद, ऋषिराज बराल, रमेश विकल, हृदयचन्द्रसिंह प्रधान, रायन, मोदनाथ प्रश्रित आदिले योगदान दिएका छन् । प्रगतिवादी सौन्दर्य चिन्तनको प्रभाव हाल विश्वव्यापी रूपमा रहेको छ । पतनशील बुर्जुवा जीवनशैली, यसका कमजोरी, उच्च वर्गको प्रभुत्वको विघटन, सर्वहारा वर्गको पीडा र सामाजिक सङ्घर्षका विविध पक्षहरू, जीवनचेतना, दायित्वबोध, राष्ट्रियताजस्ता सन्दर्भलाई वर्गीय चिन्तनमा महत्त्वका साथ हेरिन्छ ।

मार्क्सले सत्ताको आधार र अधिरचनाको सिद्धान्त प्रस्तुत गरेका छन् । उनका विचारमा आधार भनेका श्रमजीवी, मजदुर र निम्न वर्ग हुन् भने अधिरचना सत्ता हो । समाजको विकास निर्माण, कला, विज्ञान, धर्म, दर्शन आदि सामाजिक अस्तित्वका लागि आधार चाहिन्छ । आधारले आफूमाथिको न्यायका लागि वर्गसङ्घर्ष गरी अधिरचना अर्थात् सत्ता परिवर्तन गर्दछ । वर्गसङ्घर्ष भनेको सर्वहारा वर्ग र सामन्ती शोषक वर्गबिचको सङ्घर्ष हो । हरेक समाजमा शोषक र शोषित गरी दुई वर्ग हुन्छन् र यी वर्गका बिच सधैं द्वन्द्वको स्थिति रहन्छ ।

नेपाली साहित्यमा युगवाणी पत्रिका मार्फत् वि.सं. २००४ सालतिर स्पष्ट रूपमा प्रगतिवादी स्वर मुखरित हुन थालेको हो । यस अघि पनि नेपाली भाषाका रचनाहरूमा स्वाभाविक किसिमले शोषण, दमान र समाजिक जीवनका विविध विषयलाई यथार्थपरक किसिमले चित्रण गर्ने प्रयासहरू भएका थिए । वि.सं. २००६ मा 'गरिब' कथा मार्फत् भएको रमेश विकलको आगमनलाई नेपाली प्रगतिवादी साहित्य लेखनमा अर्थपूर्ण र महिमाका साथ हेरिन्छ । यो कथाले प्रगतिवादी साहित्यको जग बसाल्यो। वि.सं. २००९ मा प्रगतिशील लेखक सङ्घको स्थापना भएपछि संस्थागत रूपमा प्रततिवादी साहित्यको विकासमा टेवा पुग्यो । २००७ सालपछि साहित्यका सबैजसो विधामा प्रगतिवादी चिन्तनको प्रभाव देखिन थाल्यो । नेपालका विभिन्न राजनीतिक परिवर्तनमा प्रगतिवादी साहित्यले महत्त्वपूर्ण भूमिका खेलेको छ । २०३६ सालको जनमत सङ्ग्रहमा प्रजातन्त्रको पक्षमा जनचेतना जगाउन साहित्य सर्जकहरूले प्रगतिवादी रचनालाई हतियारका रूपमा उपयोग गरे । यसै सन्दर्भमा रायनको सिम्मा नाटक आएको देखिन्छ । यसपछिका घटनाक्रमलाई हेर्दा २०४६ सालको जनआन्दोलन र प्रजातन्त्र पुनर्स्थापनापछि प्रगतिवादी साहित्यको विकासमा उल्लेख्य वृद्धि भएको छ । नेपालमा विगतमा भएको दश वर्षे (२०५२-२०६२) माओवादी विद्रोह, २०६२-०६३ को लोतान्त्रिक आन्दोलन, राजतन्त्रको अन्त्य, संविधान सभाबाट नयाँ गणतान्त्रिक संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धि प्राप्त गर्नमा प्रगतिवादी साहित्यले भूमिका खेलेको छ । ऐतिहासिक स्वतन्त्रताको उपलब्धि, पुँजीवादबाट निसृत पृथक् सामाजिक मुद्दाहरूको प्रभाव र तिनको अभिव्यञ्जनाका युक्तिहरूको उपयोगका कारण प्रगतिशील विचारधाराको वर्चस्व तथा लेखन ढाँचामा परिवर्तन (शर्मा, २०७६, पृ. १७७)) भएको छ । सिम्मा नाटकमा २०३६ सालतिरको नेपाली सामाजिक संरचना र वर्गीय द्वन्द्वको चित्रण छ ।

साहित्यका क्षेत्रमा मार्क्सवादी दर्शनले लामो समयदेखि गहिरो प्रभाव जमाएको छ । अहिलेको बहसका प्रमुख विषय मध्ये सीमान्तकृत, शोसित पीडित वर्ग र नारीजातिको मुद्दा पनि पर्दछन् । प्रगतिवाद समाजमा अन्याय, अत्याचार,

शोषण, दमन र थिचोमिचो सहँदै आएका श्रमिक, किसान, मजदुर, कामदार, र नारीहरूको विद्यमान अवस्थालाई देखाई उनीहरूको अधिकारको वकालत गर्ने चिन्तनप्रणाली हो । निम्नवर्गको हकहित, स्वतन्त्रता, अस्मिता, समानता, अग्राधिकार आदिको पक्षमा आवाज बुलन्द गरी सामन्ती समाजका कमजोरीहरूलाई बाहिर ल्याउन प्रगतिवादी लेखकहरूले जोड दिएका हुन्छन् । प्रगतिवादी समालोचनाले समाजमा वर्चस्व जमाएर रहेका वर्गलाई होइन समाजका कतै स्थान नपाएका, पछाडि पारिएका महिला, गरिब, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गका समस्यालाई महत्त्व दिने गर्दछ । बुर्जुवा समाजवादीहरू आधुनिक समाजको अस्तित्वका अवस्थाहरूको सुरक्षा गर्न चाहन्छन्, तर यसबाट अनिवार्यतः उत्पन्न हुने सङ्घर्ष र खतराहरूबाट टाढा रहेर मात्र । उनीहरू आधुनिक समाजलाई सुरक्षित राख्न चाहन्छन् तर त्यसका लागि क्रान्तिकारी विघटक तत्त्वहरूलाई छाडेर (मास्के, २०६४, पृ. ७९) । वर्गीय चिन्तन राखी लेखिएका रचनालाई प्रगतिवादीवा समालोचनामा प्राथमिकताका साथ हेरिन्छ । नेपाली समाजमा गरिबहरू धनी साहु र मुखियाहरूको सामाजिक उपेक्षा, बहिष्कार, जालझेल, घेराबन्दी, दमन, अन्याय, अत्याचार सहँदै घरबारविहीन पारिँदै आएका छन् । प्रगतिवाद सबै किसिमको भेदभावका विरोधमा आवाज उठाई  समानता र सत्ताका लागि विद्रोह गर्ने आन्दोलनका रूपमा रहेको छ । प्रगतिवादी साहित्यमा निम्न वर्गका मानिसहरूमाथि हुने सबै किसिमका विभेद, अन्याय, अत्याचार, हिंसा आदिको विरोध गरी उनीहरूलाई अधिकार सम्पन्न बनाउने ध्येय रहेको हुन्छ । प्रगतिवादी साहित्यले यथार्थ र यथार्थ चेतनाको सम्बन्धलाई बोध गराउने साधनका अतिरिक्त सामाजिक चेतनाको निर्माण एवम् शोषणमा आधारित समाज व्यवस्थामा जीवनको परिवर्तनको माध्यम समेत ठान्दछ (चापागाइँ, २०७१, पृ. १५४) । प्रगतिवादी साहित्यले समाजको वर्गीय अवस्थालाई तथ्यगत रूपमा देखाउँदै समतामूलक न्यायपूर्ण समाज व्यवस्था अनि अग्रगमनमा विश्वास गर्दछ । प्रस्तुत लेखमा सिम्मा नाटकमा केकस्ता वर्गीय चिन्तन र निम्नवर्गीय पक्षधरता पाइन्छन् ? भन्ने कुरालाई कृतिका तथ्यहरूका साक्ष्यमा विश्लेषण गरिएको छ ।

## छलफल, विश्लेषण र नतिजा

### सिम्मा नाटकको विषवस्तु

सिम्मा नाटकको विषयवस्तु सिम्मा र डेङ्सुको पारिवारिक जीवन र सामाजिक जीवनमा आधारित छ । यसमा निम्न वर्गीय जीवनसङ्घर्षका मार्मिक पक्षहरू र समाजमा नारीको अवस्थालाई गम्भीर किसिमले विश्लेषण गरी देखाइएको छ । नाटकमा उच्च वर्गले गर्ने जालझेल र शोषणको मारमा परेका नायक नायिकाले र त्यसको विरोध पनि गरेका छन् । त्यसैले यो नाटकमा वर्गीय चिन्तन सघन रूपमा आएको छ ।

सिम्मा गीतिनाटकमा पूर्वी नेपालको पहाडी परिवेशमा घाँस दाउरा गर्ने क्रममा नायक डेङ्सु र नायिका सिम्माको प्रेम र विवाह भएको प्रसङ्गसँगै कथानक अगाडि बढेको छ । सँगै सुतेको डेङ्सु रातमा भागी भर्ती हुन विदेश गएपछि खास कथा सुरु हुन्छ । डेङ्सुको अनुपस्थितिमा सिम्माले एक्लो र असुरक्षित जीवन बिताउन थाल्छे । साहुले बाबुबाजेको समयदेखिको ऋणको हिसाब गरी चर्को ब्याज जोडेर घरबारी हडप्छ । यतिले नपुगेर सिम्मालाई नोकर्नी बनाएर राख्छ । डेङ्सुका बाबुबाजे पनि यसरी नै साहुका नोकर बनेका थिए । सिम्मा मेसिनझैँ काममा जोतिए पनि कुनै जस मिल्दैन । उल्टै साहुनीले तेरा बाउको सम्पत्ति छ कि यहाँ बसीबसी खानलाई, नकच्चरी भन्दै काम नगरेको आरोपमा तथानाम गाली गर्छे । डेङ्सु नहुँदा सिम्मालाई घर, रनवन र आफ्नै मन पनि रित्तो लाग्छ । पीरैपीरले उसको जिउ सुकेर सिन्काजस्तै बन्छ ।

भेटमा सिम्माको उदास अवस्था देखेर डेङ्सुसँगै भर्ती हुन गएको ठुलेको मन निचोरिन्छ । ठुलेले नेपालीहरू उता कोही खानीमा त कोही छाउनीमा रहेको कोही भने गल्लीमा मागेर खाने अवस्थामा भएकाले निकै बिचल्ली र यहाँभन्दा पनि दुःख रहेको भन्दै तरक्क आँसु चुहाउँछ । ठुलेसँग सिम्माले गाईभैँसी, हाँडाभाँडा, घरबारी खेत सबै साहुहरूले मिलेर आफ्नो बनाएको हुँदा घरका जहानको बिल्लीबाठ हेर्न जुन अवस्थामा भए पनि डेङ्सुलाई फर्कन भन्दै सन्देश

पठाउँछे । सिम्माका कुराले ठुले भावुक र मर्माहत बन्यो । उसले भारतमा रहेका सबै युवालाई साहुहरूको अत्याचार का विरुद्ध लड्नका लागि फर्काएर ल्याउने वाचा गरी सिम्मालाई ढोगी त्यहाँबाट विदा भई हिँड्छ ।

गीतिनाटकककको अन्त्यमा भारतको छाउनीको दृश्य छ । ठुले पुग्दा त्यहाँ उसका साथीहरू कपडा मिलाउने, बुट पालिस गर्ने काम गर्दै हुन्छन् । ठुलेले पछाडिबाट डेङ्सुलाई प्याट्ट हान्छ । आफ्नो सामु ठुलेलाई देखेर डेङ्सु खुसीले उठ्छ र सिम्माको हाल खबर सोध्छ । ठुलेले सिम्माको खबर सुनाएपछि डेङ्सु रिस र पीडाले खाटमाथि घोप्टिन्छ । अरू साथीहरू पनि साहुको अत्याचार सुनी मुठी बाँधी रिसले दाह्रा किट्दै यता र उता कोठामा हिँड्छन् । उनीहरूले आफन्तजन गाउँमा घरबारी लुटाई, खान नपाई सुकुम्बासी भएको, आफ्नै गाउँमा जहान परिवार परदेशी भएको मान्दछन् । यो महशुस भएपछि सबैजनामा विदेश, धन र जागिरप्रति घृणा भाव जाग्दछ । गाउँमा फर्किएर ठालुहरूलाई ठेगान लगाई गाउँलेको हितमा ज्यान दिन उनीहरू तयार हुन्छन् । अब विदेश कहिल्यै नआउने प्रण गर्दै उनीहरू सबैजना आफ्ना झोला ट्याङ्का बोकेर घर फर्कन कोठाबाट निस्केको दृश्यसँगै गीतिनाटक अन्त्य भएको छ ।

कुल ३३ पृष्ठमा फैलिएको गीतिनाटकमा नौ वटा दृश्य रहेका छन् । हरेक दृश्यको विषयवस्तुलाई गद्य भाषामा सङ्केत गर्नुका साथै गीतिसंवादका माध्यमबाट प्रस्तुत गरिएको छ । नेपाली मौलिक लोकलयका विभिन्न बान्कीका गीतहरूबाट नेपाली समाजको वर्गीय अवस्था, निम्न वर्गमाथिको शोषण, उच्च वर्गका कुकृत्यको भण्डाफोर र विद्रोहको भाव सम्प्रेषणलाई प्रभाकारी बनाइएको छ ।

## सिम्मामा प्रस्तुत वर्गीय चिन्तनका प्रमुख पक्ष

सिम्मा गीतिनाटकमा समाजको वर्गीय परिवेश, पात्र र चरित्रको सूक्ष्म किसिमको चित्रण गरिएको छ । यसको विषयवस्तु र पाठका साक्ष्यका आधारमा वर्गीय चिन्तनका प्रमुख पक्षहरूलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

### स्वाभिमान गुमाई नेपाली युवा विदेशिन बाध्य भएको परिवेश

नेपालीहरू काम र मामको खोजीमा विदेशी भूमिमा रगत पसिना चुहाउन विवश बन्ने परिस्थिति पहिलेदेखि रहेको छ । सिम्मा गीतिनाटकमा पूर्वी नेपालको पहाडी भेगका युवाहरू भारतीय सेनामा भर्ती लिन गल्ला आएको सुनी रातीमा भागी विदेशिन्छन् । साथीहरूको कुरा र आफ्नै धन कमाउने मनको रहर पूरा गर्न डेङ्सु पनि भर्खरै विवाह गरेकी सिम्मालाई छाडेर भाग्दछ । यसरी विदेसिने सबै युवाहरूले निम्न उत्पीडित वर्गको प्रतिनिधित्व गरेका छन् । विदेशमा उनीहरू छाउनीका सिपाही, खानी मजदुर, दसबान त कोही गल्लीका माग्नेजस्ता भई अनेक दुःख सहन बाध्य छन् । यस सन्दर्भलाई सिम्मासँग ठुलेले यसरी चिनाएको छः

> छैनन् सुखमा, याँभन्दा दुःखमा
> कोई त खानीमा, कोई रुन्छन् छाउनीमा
> कोई गल्ली गल्ली मागेर बिचल्ली
> अरे गोर्खाली भनाइ खाई नेपाली
> छाती चरक्क भाउजू आँसु तरक्क । (पृ. २४)

यस गीतमा सुखको खोजीमा विदेशमा भौँतारिने युवाहरू नेपालमा भन्दा पनि अझ दुःखको जीवन बिताउन बाध्य भएको कुरा चित्रण गरिएको छ । आफूहरूलाई असल कुकुरलाई झैँ व्यावहार गर्न गल्लाहरूले ल्याएको भन्ने चेतना डेङ्सु र उसका साथीहरूमा पलाएको छ । खाम्बे र गोर्जाले छाउनीमा यसो भन्छन्:

> कुकुरभन्दा असल कुकुर नेपाली ठानेर
> ल्याउँदा रछन् गाउँगाउँमा गई हामीलाई छानेर । (पृ. ३२)

यसबाट नेपाली स्वाभिमानी युवाहरू बाध्य भएर विदेशिनु परेको र त्यहाँको भुक्तमानबाट दिक्क परेको स्थितिलाई प्रष्टसँग देखाइएको छ। निम्न वर्गका नेपाली युवा पैसाकै लागि प्रदेशिनु परेको र उनीहरूको यही कमजोरीको फाइदा विदेशीले उठाएको सन्दर्भलाई छाउनीको ठिटो जोरवीरेले यसरी उल्लेख गरेको छः

> यो विदेश हाम्रो रैनछ आफ्नो के गर्नु यसको आस
> लाखौँ नेपाली यसकै निम्ति भए मट्टीको बास
> यो विदेश रैछ रगतको भोको नेपाली ठिटाको
> यो हाम्लाई ठान्दो रहेछ भोको नोटको बिटाको। (पृ. ३२)

गरिब नेपाली युवाहरूले विदेशमा अनेक अपमान र श्रमसाध्य काम गर्नुपर्ने बाध्यतालाई सिम्मा नाटकमा देखाइएको छ। युवा जनशक्ति बाहिरिँदा गाउँलाई र देशलाई ठुलो घाटा हुने विषयलाई पनि यस नाटकमा देखाइएको छ। अहिले पनि नेपालबाट अवसरका लागि भन्दै युवा विदेश पलायन हुने महारोग निकै विकराल बनेको तथ्य हामी सामु छ।

## उच्च वर्गको बुर्जुवा जीवनशैलीको चित्रण

सिम्मा नाटकमा नेपालमा विद्यमान बुर्जुवा वर्गको संस्कृति र जीवनशैलीको वस्तुगत वर्णन पाइन्छ। नेपाली समाजमा अझै पनि ठुलाठालु, साहु महाजन र सामन्तहरूकै हाली मुहाली रहेको छ। थोरै सङ्ख्यामा रहने यो वर्गले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार र भ्रष्टाचार गरी मोजमस्तीको यैयासी जीवन बिताउँछ। यस्तो जीवनशैली नै बुर्जुवा जीवनशैली हो। धनीहरू गरिबलाई काममा जोताउनु आफ्नो अधिकार ठान्छन्। पतनशील बुर्जुवा जीवनशैलीलाई टिकाइराख्न वर्गीय असमानतालाई भाग्य र पुनर्जन्मको कर्मका रूपमा हेर्ने र तल्लो वर्गप्रति अन्याय र दुर्व्यावहार गर्नुलाई आफ्नो जन्मसिद्ध अधिकार ठान्ने चिन्तनले बुर्जुवा संस्कृतिको प्रतिनिधित्व गर्दछ (शर्मा, २०७६, पृ. १८१)। रायनले सिम्मा नाटकमा वुर्जुवा संस्कृतिको चित्रण यथार्थपरक किसिमले गरेका छन्। साहुहरूले गरिबलाई अनेक जालझेल गरी पुस्तौँ पुस्ता ऋणमा डुबाउने सन्दर्भलाई सिम्माले यसरी उल्लेख गर्दछे :

> तीन पुस्ताअघि नि लिएको रिन कहिल्यै कटेन
> खेतबारी लग्यो नि घर पनि लग्यो तर रिन घटेन। (पृ. १८)

यस गीतमा गरिबको केही बाँकी नराखेर श्रीसम्पत्ति हडप्ने बुर्जुवा वर्गको चिन्तन र शोषणको कुरुप चित्र प्रस्तुत भएको छ। घरायसी कामका लागि गरिबहरूले साहुसँग लिएको थोरै रकमको ब्याज स्याज जोड्दै साहुले घरखेत नै लगिदिने प्रवृत्तिलाई यहाँ देखाइएको छ।

अत्याचार सहन नसकी निम्न वर्ग पनि विस्तारै विद्रोही बन्दै गएको सन्दर्भ पनि गीतिनाटकमा प्रस्तुत गरिएको छ। ठुलेसँगको भेटमा डेङ्सुलाई आफ्नो हालत सुनाइदिन भन्दै सिम्मा भन्छे :

> अति भो थिचाइ अति भो मिचाइ अति भो व्यभिचार
> कतिन्जेल अड्ने कतिन्जेल बस्ने सहेर अत्याचार। (पृ. २५)

यसरी सिम्मानाटकमा उच्च वर्गीय पतनशील बुर्जुवा जीवनशैली र निम्न वर्गमाथिको अत्याचारलाई प्रभावकारी किसिमले चित्रण गरिएको छ। निम्न वर्गका पीडा सँगसँगै उनीहरूमा विद्रोही चेत र आक्रोशका स्वर पनि आएको छ।

## समाज विकासको बाधक बुर्जुवा वर्ग

प्रगतिवादी साहित्यमा शोषक सामन्ती मनोवृत्तिमा हुर्किएको उच्च वर्गलाई समाज विकासको बाधक मानिन्छ। यो वर्गले प्रशासनिक संयन्त्र आफ्नो हातमा लिएको हुन्छ। त्यसैले कानुनको उल्लङ्घन सजिलै गर्न सक्छ। अन्याय, अत्याचार, स्वैच्छाचारिताले समाजको विकास हुँदैन। निम्न वर्गको खुसी लुट्ने र समाजको बाधक बन्ने उच्च

वर्गले सधैँ हैकम जमाएको हुन्छ । निम्न वर्गका मान्छेका भावना र अधिकारका विषयलाई लत्याएर काममा मात्रै लगाउनु बुर्जुवा वर्गको मूल चरित्र हो । साहुले डेङ्सु विदेश गएको अवसरमा उसको सबै घरखेत लिएर पनि नपुगेर सिम्मालाई नोकर्नी बनाउनुले बुजुर्वा वर्गको अधिनायकत्वमा शासित समाजको मार्मिक यथार्थलाई देखाएको छ । साहुको जुठाभाँडा माझ्दै गरेकी सिम्मालाई साहुनीले काम नगरेको भन्दै च्याँठिएर यसरी उल्टै गाली गर्छे:

तेरा बाउको सम्पत्ति छ कि बसी बसी खानलाई
किन आलेटाले गरिरहन्छेस् नकच्चरी खेतबारीमा जानलाई
को पाल्छ लौ भन् को पाल्छ तँलाई बैठक खोपीमा सजाई
राख्न ल्याकी छस् कि त यहाँ बसी खान तेरा बाउको कमाइ । (पृ. १६)

यस गीतमा वुर्जुवा संस्कारमा हुर्किएका पुरुष मात्र होइन नारीहरू पनि निर्दयी र कठोर हुन्छन् भन्ने कुरा साहुनीको चरित्रबाट देखाइएको छ । यस्ता पात्र समाज विकासका बाधक तत्त्व हुन् भन्ने तथ्य यहाँ उद्घाटन भएको छ । रिसको झोँकमा ठुली मुखिनी साहुनीले सिम्मालाई यसरी भन्छे:

तीन पुस्ता अघि घिचेको रुपियाँ साउँ त कता हो कता
ब्याजको स्याजसम्म पनि बुझाको होइन केही अलिकता
तेरा बाबुबाजे सासू ससुरा बुझिस् के यै घरमा
काम गरी हुर्की बढी अनि मरे बुझिस् हाम्रै भरमा । (पृ. १७)

उच्च वर्गका मानिसको उत्पीडनमा परेका गरिबहरू जहाँका पनि दुःखी नै हुन्छन् । उनीहरूको आङमा कहिल्यै घाम लाग्दैन । विदेश गएको डेङ्सुलाई आस्याङसँग घर फर्कने सन्देश पठाउँदै सिम्मा भन्छे :

जहाँ गए पनि लड्नु छ भने देशैमा लड न
गरिबका आङमा न्यानो घाम ल्याउन अगाडि बढ न । (पृ. २२)

यसरी सामन्ती समाजको बुर्जुवा संस्कार समाज विकासको बाधक भएको तथ्यलाई सिम्मा नाटकमा तथ्यगत आधारमा उजागर गरिएको छ ।

## सामन्ती शोषणले उत्पन्न निम्न वर्गका पीडा

सिम्मा नाटकमा प्रगतिवादी साहित्यमा पाइने सामन्ती उत्पीडन र त्यसबाट ग्रस्त बनेका निम्न वर्गका पात्रको दीनहीन र पीडित अवस्थाको चित्रण गरिएको छ । प्रस्तुत नाटक पञ्चायतकालीन निरङ्कुश समयको सामन्ती परिवेशको नाटक हो । पञ्चायती राज्य व्यवस्था आधारभूत रूपमा सामन्ती व्यवस्था भएको कारण यसले गाउँका सामन्त तथा जमिन्दारहरूलाई संरक्षण गर्ने काम गरिरह्यो । सामन्तहरूको आर्थिक शोषण र अन्य उत्पीडनको कारण गाउँका गरिब गरिब विपन्न श्रमजीवी किसानहरू विदेशिन बाध्य भए । कोही लाहुर गएर कोही अहिले पनि जाँदैछन् । कोही बसाइँ सर्दैछन् (ढुङ्गाना, सन् २०२२, पृ. ३२५) । सिम्मा नाटकमा पञ्चायती समयको पूर्वी नेपालको पहाडी गाउँका गरिब किसानको शोषणको अवस्थालाई देखाइएको छ । डेङ्सु कमाउन विदेश जाने कुरा गर्दा उसलाई सम्झाउँदै सिम्मा भन्दछे:

घर गाउँ मायालु छोडि जाने यो कुरा नगर
फर्की आउँदा ती रहर मरेर भइसक्नेछ यो छाती बगर
बर्मा गए यो कर्म सँगसँगै
नेपाल गए यो कपाल सँगसँगै
नजाऊ मुग्लान बाँचौला सँगसँगै
काटीजाउँला यो जुनीलाई सँगसँगै । (पृ. ८)

प्रस्तुत गीतमा सँगै जुनी काट्ने रहर भए पनि नेपालीहरू विदेश जाने सन्दर्भलाई सङ्केत गरिएको छ । वाच्यार्थका तहमा सिम्माले डेङ्सुलाई विदेश नजान फकाएको बुझिए पनि यस गीतको ध्वन्यार्थमा गरिबहरू जहाँ गए पनि उनीहरूको दुःख र सङ्घर्षले छोड्दैन भन्ने निम्न वर्गको पीडालाई प्रस्तुत गरिएको छ । युवाहरू भर्ती हुन विदेशिदा उनीहरूको पारिवारिक व्यवस्था नै खलबलिने, प्रेमको हत्या हुने र जीवन बगरझैँ सुख्खा बन्ने पीडालाई पनि यहाँ सङ्केत गरिएको छ ।

युवाहरू किन विदेश जानुपर्ने बाध्यता छ, भर्ती भएपछिको उनीहरूको जीवन कति पीडादायी हुन्छ त भन्ने सन्दर्भमा आस्याङ पात्रले यस्तो भन्छः

गाउँघरमा बसने एकपेट खाई बस्ने व्यवस्था नहुँदा
कोही मर्छन् उतै कोही फिर्छन् रुँदै मुग्लानमा पस्दा । (पृ. २०)

यहाँ गरिबीको चपेटाले युवाहरूलाई विदेश जान बाध्य बनाउने तथ्यलाई अगाडि सारिएको छ। गरिब नेपाली गाउँघरमा दुई छाक खान र बस्ने बास पनि पाउँदैनन् । केही नपाउँदा कमाइको लोभले भर्ती हुन पुग्छन् । उनीहरूमध्ये केही विदेशका लागि लड्दालड्दै मर्छन् । केही घाइते हुन्छन् । कोही दुःख पाई रुँदै बुढेसकालमा नेपाल फर्कन्छन् । यसबाट सुख खोज्ने नेपालीले झन् धेरै दुःख पाउने सन्दर्भलाई देखाइएको छ ।

भारतका साहु र त्यहाँका मान्छेले नेपालीहरूलाई हेपाहा व्यावहार गर्ने गर्दछन् । उनीहरूले नेपालीलाई प्रयोग गर्ने भाषा र नेपाली युवाले गर्ने दुःखपूर्ण कामलाई छाडेर घर फर्कन सिम्माले भनेको कुरा ठुलेले यसरी सम्झिएको छः

अरे गार्खाली ओ बादुर कान्छा भनाइ खाई हेप्पेर
भोकै र नाङ्गै अनिदो हुँदै हद दुःख खेपेर । (पृ. २९)

प्रस्तुत गीतमा निम्न वर्गका युवामाथि उच्च वर्गको थिचोमिचो नेपालमा मात्र नभई विदेशमा पनि उस्तै रहेको देखाइएको छ । विदेशीको अपमान सहेर निम्न स्तरको जागिर खानुभन्दा स्वदेशमै दुःख गरेर अन्यायको अन्त्यका लागि सङ्घर्ष गर्नु पर्ने सन्देश पनि सिम्माले पठाएकी छ ।

देशका त धनी भएनन् हाम्रा विदेशका के हुन्थे ?
निर्धा निमुखा गरिबका कुरा तिनले के सुन्थे ? आहा...
फर्केर आऊ दुईचार कुरा साहुसँग बसेर
नभई भैन एक गठ भई कम्मर कसेर
यी दुष्ट ठालु साहूसँग लड्न घर फर्क भनिदेऊ । (पृ. २८)

यसरी सिम्मा नाटकका विभिन्न गीतमा निम्न वर्गका पीडा, उत्पीडन र निस्वास पाइन्छन् । उच्च वर्गले गर्ने शोषणले निम्न वर्गको जीवन नै तहसनहस बन्ने गरेको तितो यथार्थ सिम्मा गीतिनाटकमा देखाउँदै पीडक, शोषक वर्गको समूल अन्त्यका लागि शोषणमा परेका गरिबहरू र भर्ती हुने युवा देशमा फर्केर एकजुट हुनु पर्ने सन्देश पनि यसमा दिइएको छ ।

### तत्कालीन साम्राज्यवादी आतङ्कको विरोध

प्रगतिवादी साहित्यले विश्वमा जुनसुकै युगमा हुने उपनिवेशवाद, साम्राज्यवाद, विस्तावादको विरोध गर्दछ । साम्राज्यवादी नीतिका कारण कमजोर देश र गरिब जनता ठुलो मारमा पर्दछन् । शक्ति राष्ट्रको विस्तारवादी नीति हावी हुँदा ढाल भएर कमजारे राज्यले सहयोग गर्नु पर्ने वा आफ्नो अस्तित्व नै मेटाउनु पर्ने अवस्था रहन्छ । शक्ति राज्जको साम्राज्यको सपना पूरा गर्न युद्धमा खटिनेहरू कमजोर र विपन्न राज्यका विपन्न र गरिव युवा नै हुन् । यस तथ्यलाई सिम्मा नाटकमा पनि देखाइएको छ । युद्धको डरलाग्दो अवस्था र अनुभवलाई आस्याङले सिम्मालाई यसरी सुनाउँछः

सास न बास गरी खाएर सास्ती कोरस गर्दा
बन्दुक बोकी बुट जुत्ता ठोकी जङ्गलमा कुद्दा
मर्ने र बाँच्ने केही ठेगान हुन्न जहाजबाट हाम्फाल्दा
के चयन हुन्थ्यो रगतको आँसु पिएर बाँच्दा । (पृ. २०)

विदेशमा आफ्नो कोही होइन भन्ने जान्दाजान्दै पनि युद्धमा लड्नै पर्ने बाध्यता हुन्छ । यो बाध्यता पल्टने सिपाहीले पनि बुझेका हुन्छन् । तर उनीहरूलाई हाकिमले जुन मोर्चामा खटाउँछ त्यसको पक्षमा लड्नै पर्ने कटुसत्यलाई आस्याङ्ले यसरी बताउँछः

लाहुर जानु दस हण्डर खानु के जानु लाहुर
फर्किनुपर्छ अङ्गभङ्ग पारी सिद्धचाई पाउर

सिम्मा, रित्याई पाउर

जोसँग लड्छौँ विदेशमा हाम्रा ती दुस्मन थिएन
जहाँ हमी लड्छौँ त्यो जमिन पनि नेपालको थिएन
अङ्ग्रेजी सापको भारती सापको खाएर भनाइ
के पायौँ र खोई ? आफ्नो जहानलाई विधवा बनाई

सिम्मा टुहुरा बनाई । (पृ. २१)

यसरी सिम्मा नाटकमा अर्काको गुलाम भएर व्यर्थ युद्ध लड्नुपर्दाको पीडालाई आस्याङका माध्यमबाट प्रस्तुत गरिएको छ । नाटकमा साम्राज्यवादी व्यवस्थाको अन्त्यको कामनासँगै देशभक्तिको भावना र स्वाभिमानको खोजीसमेत गरिएको छ ।

**निष्कर्ष**

सिम्मा वर्गीय चिन्तनयुक्त उत्कृट गीतिनाटक हो । यसभित्र समाजमा सानालाई ऐन ठुलालाई चयन हुनु राम्रो होइन भन्ने देखाइएको छ । गरिबहरू साहुको डर र अनेक कानुनी झमेलाको त्रासले आफूमाथि भएको शोषणको तत्काल विरोध गर्न सक्दैनन् । उनीहरू सानोतिनो घरखर्च चलाउन पनि साहुहरूबाट चर्को ब्याजमा ऋण माग्न बाध्य हुन्छन् । साहुले ब्याजको स्याज जोड्दै गरिबको श्रीसम्पत्ति र स्वयम् गरिबलाई बन्धक बनाउने परिस्थितिको विरुद्धमा प्रगतिवादी साहित्यले जनचेतना जगाउने काम गर्दछ । गरिबलाई चेतना दिएर दासताबाट मुक्त पारी सामाजिक तथा राजनीतिक क्षेत्रमा अग्रसर बनाउन प्रगतिवादी चिन्तकहरूले जोड दिएका हुन्छन् । वस्तुतः निम्नवर्गलाई सामाजिक, सांस्कृतिक, धार्मिक बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई उच्चवर्गको सत्ता भञ्जन गर्ने आन्दोलन नै मार्क्सवाद हो । वर्गीय समानता तथा स्वतन्त्रताका पक्षमा जागृत चेतना प्रगतिवादी चेतना हो । यसले वर्गीय विभेदको अन्त्यको माग गर्दछ ।

सिम्मा नायिकाप्रधान नाटक हो । यसमा नेपाली समाजमा साहुहरूले गरिबहरूलाई हेर्ने दृष्टिकोण र कुकृत्यको अवस्थालाई यथार्थपरक ढङ्गले चित्रण गरिएको छ । गरिबीकै कारण नायक डेङ्सुजस्ता युवाहरू भर्ती हुन भारततिर हिँडेपछि साहुले उनीहरूको घरखेत कब्जा गर्दछन् । यतिमात्रै होइन तिनका परिवारजन र पत्नीलाई नोकर बनाएर मानसिक यातना र श्रम शोषण गर्न थाल्छन् । यही विषयवस्तु सिम्मामा पनि छ । सिम्ममा जस्तै नेपालमा अझै पनि युवाहरू आफ्नी प्रेमिका, प्यारो गाउँघर सबै छाडेर लाहुरे बनी विदेशका युद्धमा खट्न बाध्य छन् । लोग्ने विदेश गएपछि थुप्रै युवतीहरू आफ्ना रहर मारेर साहुको कमारी बन्न विवश छन् । नेपालको ग्रामीण भेगमा धनी मुखियाहरूले गरिबहरूको आर्थिक कमजोरीको फाइदा उठाउँदै पारिवारिक विखण्डन ल्याउने, घर उठीबास

बनाउने र अर्काका चेलीबेटी र स्वास्नीमानिसहरूलाई आफ्नो कामवासनाको सिकार बनाउने गरेका थुप्रै घटना छन् । सिम्मा नाटकमा अबला र असहाय बनेकी सिम्माको श्रम शोषणको विकृत अवस्थाको मार्मिक चित्रण भएको छ । यस नाटकमा समाजका गरिबमाथि हुने विभेदलाई मुख्य विषय बनाइएको छ । बुर्जुवा वर्गको शोषण संस्कृति, निम्न वर्गका जीवन भोगाइका कठिनाइहरू, विदेशमा नेपालीले पाउने अपमान र घृणा, आफूमाथिको अन्यायप्रतिको विद्रोहजस्ता वर्गीय चिन्तन यस गीतिनाटकका प्रमुख र सबल पक्ष रहेका छन् । नाटकमा साम्राज्यवादी व्यवस्थाको अन्त्यको कामनासँगै देशभक्तिको भावना र स्वाभिमानको खोजीसमेत गरिएको छ । आफूमाथि भएको अन्याय बोध गरी स्वदेशमा फर्केर सामन्त सत्ताका प्रतिनिधि साहूहरूको विपक्षमा एक गठ भई सङ्घर्ष गर्न युवा फर्केको सन्दर्भमा गई टुङ्गिएको सिम्मा गीतिनाटकमा प्रगतिवादी आशावादी जीवनदृष्टि रहेकाले यो खँदिलो वैचारिक खुराकयुक्त वर्गीय चिन्तन भएको उत्कृष्ट प्रगतिवादी नाटक बन्न पुगेको छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, ज्ञानु (२०७६), प्रज्ञा समकालीन कथाविमर्श (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

अर्याल, अम्बिका (२०७६), 'समकालीन नेपाली कथामा नारी चेतना' प्रज्ञा समकालीन कथाविमर्श (सम्पा. ज्ञानु अधिकारी) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

आहुति (२०७१), नेपालमा वर्ण व्यवस्था र वर्गसङ्घर्ष ललितपुर : समता फाउन्डेसन ।

गिरी, जीवेन्द्रदेव (२०६९), नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम, काठमाडौँ : मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

गौतम, कृष्ण (२०७१), उत्तरसिद्धान्त : अद्यतन चिन्तनका महान् पश्चिमी प्रणेता,  काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

चापागाइँ, निनु (२०७१) 'प्रगतिवादी साहित्य र यसका विशेषता', सैद्धान्तिक नेपाली समालोचना (सम्पा. राजेन्द्र सुवेदी), काठमाडौँ : जुगल पब्लिकेसन ।

जोशी, जयन्ती (सन्, २०२३), 'दोस्रो बाटो कथामा विभेदन नारीवाद', प्रवासन (वर्ष ६, पूर्णङ्क १०), बेलायत : समकालीन साहित्य प्रतिष्ठान ।

ढकाल, घनश्याम (२०६२), यथार्थवादी नेपाली समालोचन (सम्पा.), पोखरा गण्डकी साहित्य सङ्गम ।

ढुङ्गाना, शोभाकुमारी (सन् २०२२) 'सिम्मा नटकमा प्रगतिवादी चेतना', पाटन प्रोस्पेक्टिभ जर्नल (वर्ष २, अङ्क २), पृ. ३२१-३३१ ।

पाण्डे, ज्ञानु (२०७६), 'समकालीन नेपाली कथामा लैङ्गिक चेतना,' प्रज्ञा समकालीन कथाविमर्श (सम्पा. ज्ञानु अधिकारी) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मास्के, राजेन्द्र (२०६४) मार्क्स र एङ्गेल्स : सङ्कलित रचना भाग- १ (अनु.) काठमाडौँः ऐरावती प्रकाशन ।

रायन (२०६६) सिम्मा, ललितपुर : साझा प्रकाशन ।

रिजाल, पुष्करनाथ (२०७०) सङ्कलित समालोचना, कोहलपुर : लेखक स्वयम् ।

रिजाल, पुष्करनाथ (२०८२) 'अग्नि महाकाव्यमा दलित सन्दर्भ', हैमप्रभा (सम्पा. टीकाराम बुढा), ने.सं.वि., जनता विद्यापीठ, बिजौरी दाङ ।

शर्मा, बिन्दु (२०७३), नेपाली गीतिनाटक स्वरूप र प्रवृत्ति, ललितपुर : साझा प्रकाशन ।

शर्मा, बिन्दु (२०७६), 'समकालीन नेपाली कथामा वर्गीयता' प्रज्ञा समकालीन कथाविमर्श (सम्पा. ज्ञानु अधिकारी) काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।